कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६

# नरैनापुर गाउँपालिका
**Narainapur Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
**Office of Rural Municipal Executive**
नरैनापुर, बाँके
Narainapur, Banke
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

गाउँ कार्यपालिकाको कार्यालय नरैनापुर गाउँपालिका नरैनापुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

आ.व.:२०८३/०८४

## नापी अधिकृत र सर्वेक्षक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मितिः२०८३/०५/११)

यस नरैनापुर गाउँपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालनका लागि तपसिल बमोजिमको पदमा खुला प्रतियोगिताको माध्यमबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम नरैनापुर गाउँपालिकाको वेबसाइट **www.narainapurmun.gov.np/sample-forms** बाट डाउनलोड गर्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | नापी अधिकृत | अधिकृतस्तर सातौं | १ |
| २ | ०२/२०८३/०८३ | सर्वेक्षक | सहायकस्तर पाँचौं | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

**(नापी अधिकृतको लागि)**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङमा वा सो सरह उतिर्ण भएको।

ख. कम्तिमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,

ग. प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

**(सर्वेक्षकको लागि)**

घ. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उतिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उतिर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उतिर्ण गरी कम्सिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।

ङ. कम्तिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,

च. प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।

**२. दरखास्त दिने स्थानः** नरैनापुर गाउँ कार्यपालिकाको कार्यालय।

**३. दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र साथै अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन।

**४. आवेदनको दस्तुरः** (नापी अधिकृत) रु.१,२००/- (अक्षरेपी बाह्र सय रुपैयाँ मात्र), (सर्वेक्षक) रु. ८००/- (अक्षरेपी आठ सय रुपैयाँ मात्र)

**५. छनौटको किसिमः-** प्रारम्भिक सुची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता।

**६. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ प्रति र दरखास्त दस्तुर बुझाएको सक्कल भौचर। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**७. सेवा सुविधा तथा अन्यः** नियमानुसार ।

**८. परीक्षाको मितिः** अर्को सूचना प्रकाशन गरी जानकारी गराइने छ।

**९. आवेदनपरीक्षाको पाठ्यक्रमः** प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशले तोकेअनुसार।

प्रमुख प्रशासकीय अधिकृत

वेबसाइटः info@narainapurmun.gov.np
ईमेलः info@narainapurmun.gov.np
narainapur.rm073@gmail.com